annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १५७ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १८ असोज २०८१ | आश्विन शुक्लपक्ष द्वितीया नेपाल संवत् ११४४ | FRIDAY, OCTOBER 4, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# १० वर्ष सर्वोच्च हाँक्ने यी हुन् नेतृत्वकर्ता

सर्वोच्च अदालतको इतिहासमै यस्तो चरण आएको छ, दशकौंसम्म न्यायको पक्षमा बहसपैरवी गरेकाहरूले झन्डै एक दशक अवधि नेतृत्व गर्ने छन् । विगतमा सर्वोच्च अदालतमा जिल्ला र उच्च (पुनरावेदन)अदालतमा न्याय सम्पादनमा लामो समय बिताएका न्यायाधीशहरूको बाहुल्यता थियो ।

**दिनेश गौतम** | *काठमाडौं*

**- को रिपोर्ट**



१ प्रकाशमान सिंह राउत
प्रधानन्यायाधीशमा कार्यावधि :
झन्डै १८ महिना (०८१ असोज २० देखि ०८२ चैत १७ सम्म)

२ सपना प्रधान मल्ल
प्रधानन्यायाधीशमा कार्यावधि :
झन्डै साढे तीन वर्ष (२०८२ चैत १८ देखि २०८५ कात्तिक ३० सम्म)

३ कुमार रेग्मी
प्रधानन्यायाधीशमा कार्यावधि :
करिब ३ वर्ष (२०८५ कात्तिक १० देखि २०८८ भदौ २१ सम्म)

४ हरिप्रसाद फुयाँल
प्रधानन्यायाधीशमा कार्यावधि :
४ वर्ष (०८८ भदौ २२ देखि ०९२ असोज १९ सम्म)

५ नहकुल सुवेदी
प्रधानन्यायाधीशमा कार्यावधि :
झन्डै ९ महिना (०९२ असोज २० देखि ०९३ असार ७ सम्म)

६ टेकप्रसाद ढुंगाना
प्रधानन्यायाधीशमा कार्यावधि :
६ महिना (०९३ असार ८ देखि पुस ५ सम्म)

७ नृपध्वज निरौला
प्रधानन्यायाधीशमा कार्यावधि :
४८ दिन (०९३ पुस ६ देखि माघ २४ सम्म)

समाचार पृष्ठ २

# विद्युत् निर्यातमा ऐतिहासिक कदम

## नेपाल-भारत-बंगलादेशबीच ४० मेगावाट विद्युत् बिक्री गर्ने त्रिपक्षीय सम्झौता

**सुनिता कार्की** | *काठमाडौं*

नेपालबाट तेस्रो मुलुक विद्युत् व्यापारको ढोका खुलेको छ। बिहीबार राजधानीमा एक कार्यक्रमकाबीच नेपाल-भारत र बंगलादेशबीच त्रिपक्षीय सम्झौता भएको छ। सम्झौता भएसँगै नेपालबाट तेस्रो मुलुक विद्युत् व्यापारको ढोका खुलेको हो। सम्झौतासँगै नेपालले भारतको प्रसारणलाइन प्रयोग गरी बंगलादेशलाई ४० मेगावाट विद्युत् बिक्री गर्ने छ। गत साउन १३ गते नै हुने भनिएको यो सम्झौता बंगलादेशमा भएको सत्ता परिवर्तनका कारण सरेको थियो। अहिलेसम्म नेपालले भारतसँग मात्र विद्युत् व्यापार गर्दै आएको थियो। नेपालले बंगलादेशसँग गरेको यो मध्यकालीन (५ वर्षे) सम्झौता हो। यो सम्झौता नेपालको विद्युत् निर्यातमा ऐतिहासिक कदम पनि हो।

सम्झौतापत्रमा नेपालका तर्फबाट नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, भारतका तर्फबाट एनटीपीसी विद्युत् व्यापार निगमकी प्रमुख कार्यकारी अधिकृत रेणु नारङ तथा बंगलादेशको तर्फबाट बंगलादेश पावर डेभलपमेन्ट बोर्डका अध्यक्ष मोहमद रेजुल करिमले हस्ताक्षर गरेका छन्। सम्झौता कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ, बंगलादेशका अन्तरिम सरकारका वन, वातावरण, जलवायु परिवर्तन तथा जलस्रोत मन्त्री सैयदा रिजवाना हसन, ऊर्जा जलस्रोत तथा सिञ्चाइ मन्त्रालयका सचिव मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारी, नेपाल विद्युत् प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटिपिसी विद्युत् व्यापार निगम भारतका प्रतिनिधि, नेपालस्थित भारत र बंगलादेशका प्रतिनिधिलगायत उच्च पदस्थ अधिकारीहरूको सहभागिता थियो।




**त्रिपक्षीय सम्झौतापत्रमा बिहीबार हस्ताक्षर गर्दै नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, भारतका एनटीपीसी विद्युत् व्यापार निगमकी प्रमुख कार्यकारी अधिकृत रेणु नारङ र बंगलादेशको तर्फबाट बंगलादेश पावर डेभलपमेन्ट बोर्डका अध्यक्ष मोहमद रेजुल करिम।**

प्राधिकरणले भारतीय अनुदानमा निर्माण भएको तथा आफ्नो स्वामित्वमा रहेको २५ मेगावाटको त्रिशूली र सहायक कम्पनीमार्फत निर्माण गरिएको २२ मेगावाटको चिलेमे जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् बंगलादेश निर्यात गर्ने तयारी गरेको छ। यी दुवै भारतमा विद्युत् निर्यातका लागि स्वीकृति पाइसकेका आयोजनाहरू हुन्।

प्राधिकरणले वर्षायामको ६ महिना अर्थात् हरेक वर्षको १५ जुन-१५ नोभेम्बरसम्म पाँच वर्ष ४० मेगावाट विद्युत् बंगलादेशलाई बिक्री गर्ने छ। प्राधिकरणले बंगलादेश बिक्री गर्ने विद्युत्को प्रतियुनिट मूल्य ९ रुपैयाँ ३० पैसा छ।

नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय ढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारण लाइन हुँदै बंगलादेश निर्यात हुने विद्युत्को मूल्य प्राधिकरणले भारतको मुजफ्फरपुर विन्दुमा पाउने छ। अर्थात् बंगलादेश निर्यात हुने विद्युत्को मिटर मुजफ्फरपुरमा रहने छ। ढल्केबरबाट मुजफ्फरपुरसम्मको प्रसारण लाइनको प्राविधिक चुहावट प्राधिकरणले नै बेहोर्ने छ। मुजफ्फरपुरबाट भारतको प्रसारण लाइनमार्फत बहरामपुर (भारत)-भेरमारा (बंगलादेश) ४०० केभी प्रसारण लाइन हुँदै बंगलादेश विद्युत् पुग्नेछ। मुजफ्फरपुर विन्दुपछिको प्रसारण लाइन शुल्क, चुहावट, एनभिभिएनले लिने ट्रेडिङ मार्जिनलगायतका सम्पूर्ण कर तथा शुल्कहरू बंगलादेशले नै बेहोर्ने बताइएको छ।

त्रिपक्षीय सम्झौता कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नेपाल-बंगलादेश र भारतबीचको त्रिपक्षीय ऊर्जा सम्झौता नेपालको ऊर्जा क्षेत्रका लागि कोसेढुंगा सावित भएको बताए। मन्त्री खड्काले नेपालले इतिहासमै पहिलोपटक जलविद्युत् ऊर्जा तेस्रो मुलुकमा निर्यात गर्ने भएकाले आजको कार्यक्रम नेपालको उर्जा क्षेत्रमा ऐतिहासिक भएको बताए। 'आजको यो उपलब्धि सन् २०१८ देखि नेपाल र बंगलादेशले ऊर्जा क्षेत्र सहयोगसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गरेपछि संयुक्त कार्यदल र संयुक्त सञ्चालन समितिको ६ वटा सफल बैठक तथा त्यसपछिको निरन्तर प्रयासको प्रतिफल हो,' मन्त्री खड्काले भने।

मन्त्री खड्काले बंगलादेशको नयाँ अन्तरिम सरकार र बंगलादेशीलाई मुलुक सुधारका एजेन्डामा सफलताको कामना गर्दै बधाई दिए। उनले सन् १९७२ देखि नेपाल र बंगलादेशबीचको कूटनीतिक सम्बन्ध भएदेखि सम्बन्धहरू सुमधुर र प्रगाढ हुँदै आएको उल्लेख गरे। सार्क सदस्य राष्ट्रका रूपमा बंगलादेशले क्षेत्रीय चासोका विषयमा खेल्दै आएको भूमिका सराहनीय रहेको उनको भनाइ छ। ऊर्जामन्त्री खड्काले नेपालमा उत्पादित विद्युत् सीमापार प्रसारण लाइनबाट बंगलादेश पुग्नका लागि कसहज बनाउन भारत सरकारको अटल एवं निरन्तर सहयोगप्रति धन्यवाद दिए। मन्त्री खड्काले नेपालले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट जलविद्युत् उत्पादन गर्ने प्रतिबद्धता जनाएको र १५ हजार मेगावाट निर्यातका लागि छुट्ट्याएकाले उक्त कार्यले नेपालको जलविद्युत् क्षमताको उपयोग गर्दै दृढ संकल्पलाई झल्काएको बताए। ऊर्जामन्त्री खड्काले छिमेकी देशका सार्वजनिक र निजी क्षेत्रलाई नेपालको जलविद्युत् आयोजनामा लगानी गर्नसमेत आग्रह गरे।

बंगलादेशमा विद्युत् व्यापारका लागि २०७९ सालदेखि कसरत भइरहेको थियो। २०७९ सालको भदौमा दुई देशका सचिवस्तरीय बैठकले ५० मेगावाट विद्युत् निर्यातका लागि सहमति गरेको थियो। नेपाल बंगालादेश डेडिकेटेड लाइन नभएको र भारतबाट प्रयोग गरिने प्रसारणलाइन अभावका कारण ४० मेगावाटमा झारिएको थियो।

बुधबार मात्रै दुई देशका ऊर्जा सचिस्तरीय संयुक्त निर्देशक समितिको बैठक बसेको थियो। बैठकमा नेपालका ऊर्जासचिव सुरेश आचार्य र जनगणतान्त्रिक बंगलादेश सरकारका विद्युत्, ऊर्जा तथा खनिज मन्त्रालयका वरिष्ठ सचिव मोहम्मद हबिवुर रहमानको सहअध्यक्षता थियो।

» बाँकी पृष्ठ ६

# हनुमानढोकाको दसैं घरमा राखियो जमरा



**अन्नपूर्ण** | *काठमाडौं*

नेपालीहरूको महान् पर्व बडा दसैं आजदेखि सुरु भएको छ। यो पर्व आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन धुमधामका साथ मनाइन्छ। बडा दसैंको पहिलो दिन आज घरघरमा वैदिक विधिपूर्वक दियो, कलश र गणेश स्थापना गरी घटस्थापना गरिएको छ।

घटस्थापनाका दिन पूजा कोठामा घडामा जलभरि माथिपटि आँप, चाप, वरपीपलको पात राख्ने परम्परा छ। यो घडा वरिपरि गाईको गोबर टाँसेर त्यहाँ जौ उमार्ने चलन छ। कहीँ-कहीँ मकै र गहुँको प्रयोग भए पनि अधिकांश स्थानमा जौ छर्ने प्रचलन रहेको छ।

नेपाल पञ्चांग निर्णायक समितिले आज बिहान घटस्थापनाको साइत बिहान ९:१६ मिनेट निर्धारण गरेको थियो। यसैबीच काठमाडौंको हनुमान ढोकास्थित दसैं घरमा पनि विधिवत् रूपमा जमरा राखिएको छ। उक्त अवसरमा नेपाली सेनाको ब्यान्ड बाजा टोलीले मंगल धुन बजाएका थिए भने बन्दुक पड्काएर बढाइँ गरिएको थियो। नियमपूर्वक मन्त्रोच्चारण गरी दसैं घरमा घटस्थापना र जमरा राखिएको हनुमान ढोका सार्दुलजंग गुल्मका पण्डित सुवास कोइरालाले जानकारी दिए।

घटस्थापनादेखि विजया दशमीसम्मको अवधिलाई नवरात्र पनि भनिन्छ। यस अवसरमा दुर्गादेवीको विशेष आराधना गरिन्छ। आजैको दिन विधिपूर्वक घट अर्थात् घडा स्थापना गरी त्यही घडामाथि शक्ति स्वरूपा दुर्गाको पूजा आराधना गरिने भएकाले आजको दिनलाई घटस्थापना भन्ने गरिएको हो।

आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजया दशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गरिन्छ। टीकाप्रसाद ग्रहणका लागि साइत खोज्नेका लागि भने ११ बजेर ३६ मिनेटको साइत उत्तम छ।

विजयादशमीदेखि कोजाग्रत पूर्णिमामा अखिल बलि पूर्ति नभएसम्म देवीको प्रसाद लगाउने शास्त्रीय विधि छ। विजया दशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजनबाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ।

